...वरी नगरपालिका
कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

## बैठक नं.३

आज मिति २०८१ असोज ७ गते सोमबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवालध | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा खड्का | कार्यपालिका सदस्य |

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुढिबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| रामामाया | सदस्य – श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| Umaf. | सदस्य – श्री उमा विशुंके | कार्यपालिका सदस्य |
| रीता | सदस्य – श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| [signature] | सदस्य – श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

<u>एजेण्डा</u> :

१. आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तक विमोचन सम्बन्धमा ।

३. आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजना क्यालेण्डर विमोचन सम्बन्धमा ।

४. तपशिल बमोजिमका जग्गाहरु नगरपालिकाको नाममा प्राप्त गर्न सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा ।

(क) गोदावरी नगरपालिका वडा नं.२ साविका किटिनी गा.वि.स. वडा नं. १क कित्ता नं.१, २ र ३ को क्षेत्रफल क्रमश ०-१२-०-०, ०-४-२-० र १-१-१-० का जग्गाहरु ।

(ख) ऐतिहासिक-सांस्कृतिक संग्रहालय निर्माण गर्न गोदावरी नगरपालिका-३ स्थित साविक गोदावरी मार्बल ईन्डष्ट्रिज रहेको जग्गा ।

(ग) गोदावरी नगरपालिका वडा नं.१२ साविक ठेचो गा.वि.स. वडा नं.६क कित्ता नं.५६ को क्षेत्रफल ९-१२-०-० जग्गा

५. कानुनी परामर्श सेवा खरिदको दररेट स्वीकृत गरी भुक्तानी व्यवस्थापन गर्ने सम्बन्धमा ।

६. प्रस्तावक मिलिजिली ग्रुप प्रा.लि.बाट पेश भएको प्रस्तावित खाने तेल प्रसोधन तथा उत्पादन गर्ने उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

७. वडाकप खेलकुद सञ्चालन सम्बन्धमा ।

८. छम्पी-टिकाभैरव बाटोको मापदण्ड सम्बन्धम ।

९. वहाल कर सम्बन्धमा ।

१०. विविध

मान बहादुर खड्का
... प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

निर्णय नं.१ आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति समिक्षा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट नगर कार्यपालिकामा पेश भयो र आर्थिक वर्ष २०८०/८१ को प्रगति सन्तोषजनक रहेको र आगामी आर्थिक वर्ष २०८१/०८२ का वार्षिक कार्यक्रम समेत थप व्यवस्थित तरिकाले सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं.२ आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पुस्तक नगर प्रमुख र नगर उपप्रमुखज्यूबाट विमोचन गरि सम्बन्धित विषयगत शाखा तथा वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३ आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजना क्यालेण्डर नगर प्रमुख र उपप्रमुखबाट विमोचन गरि सम्बन्धित विषयगत शाखा तथा वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ तपशिल बमोजिमका जग्गाहरु नगरपालिकाको नाममा प्राप्त गर्न सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**व्यवसायिक कम्प्लेक्स सहितको वडा कार्यालय निर्माण गर्न जग्गा प्राप्त गर्ने सम्बन्धमा**

(क) सङ्घीय शासन व्यवस्थामा स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएको सन्दर्भमा स्थानीय शासन प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्न नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुको संस्थागत विकास अपरिहार्य हुने गर्दछ । यस नगरपालिकाको वडा नं.३ गोदावरी क्षेत्र बढ्दो शहरीकरण र बजार विस्तार समेतका कारण बढी महत्वपूर्ण क्षेत्र भए पनि हालसम्म आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह गर्न कार्यालय भवन अभाव रहेको हुँदा यथाशिघ्र कार्यालय भवन निर्माण गर्नुपर्ने भएको छ ।
साविक किटिनी गा.वि.स. वडा नं.१ क कित्ता नं.१, २ र ३ को क्षेत्रफल क्रमश ०-१२-०-०, ०-४-२-० र १-१-१-० जग्गा नेपाल सरकारको नाममा फिल्डबुक तथा श्रेस्ता कायम भएको र अतिक्रमणको जोखिममा रहेको देखिंदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(१) को खण्ड क र ख बमोजिम उक्त जग्गा संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको समेतबाट सो जग्गा संरक्षण गरी व्यवसायी कम्प्लेक्स सहितको वडा कार्यालय भवन निर्माण गर्नका लागि प्रचलित कानून बमोजिम यस गोदावरी नगरपालिकाको नाममा जग्गा प्राप्त गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

(ख) निर्णय (क) बमोजिम व्यवसायिक कम्प्लेक्स सहितको वडा कार्यालय भवन निर्माण गर्न यस नगरपालिकाको आर्थिक स्रोत अप्रयाप्त हुने भएकोले आर्थिक/प्राविधिक साझेदारी उपलब्ध गराउन श्री नगर विकास कोष नयाँ बानेश्वर काठमाडौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**नगर अस्पताल निर्माण गर्न जग्गा प्राप्त गर्ने सम्बन्धमा**

(क) राजधानी उपत्यकाको क्षेत्रफलमा सबैभन्दा ठूलो नगरपालिका एवम् १४ वटा वडा समेत रहेको र यस नगरपालिकामा नगरस्तरीय अस्पताल नभएको हुँदा अस्पतालको सामान्य उपचार

गजेन्द्र महर्जन
नगर प्रमुख

नागरिकलाई नागरिकको नजिकको सरकारबाट स्वास्थ्य सेवा उपलब्ध गराउन यस नगरपालिकाको वडा नं.१२ ठेचोमा नगर अस्पताल सञ्चालन गर्नका लागि यथाशिघ्र जग्गा प्राप्ति गरी कार्यालय भवन निर्माण गर्नुपर्ने भएको छ ।

साविक ठेचो गा.वि.स.वडा नं.६(क) कित्ता नं.५६ को क्षेत्रफल ९-१२-०-० जग्गा नेपाल सरकारको नाममा फिल्डबुक तथा श्रेस्ता कायम भएको र अतिक्रमणको जोखिममा रहेको देखिँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २(१) को खण्ड (क) र (छ) बमोजिम उक्त जग्गा संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको समेतबाट सो जग्गा संरक्षण गरी उक्त स्थानमा नगर अस्पताल निर्माण गर्नका लागि प्रचलित कानून बमोजिम यस गोदावरी नगरपालिकाको नाममा जग्गा प्राप्त गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

(ख) चालू आर्थिक वर्ष २०८१/०८२ मा यस नगरपालिकाट दुई करोड विनियोजन भएको र जिल्ला समन्वय समिति ललितपुरलाई ६० प्रतिशत लागत साझेदारी हुने गरी रु.३ करोड विनियोजन गरिदिन अनुरोध गर्ने ।

(ग) निर्णय (क) बमोजिम नगर अस्पताल निर्माण गर्न यस नगरपालिकाको आर्थिक स्रोत अपर्याप्त हुने भएकोले आर्थिक-प्राविधिक साझेदारी उपलब्ध गराउन प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>ऐतिहासिक-सांस्कृतिक राष्ट्रिय संग्रहालय निर्माणका लागि गोदावरी नगरपालिका-३ स्थित साविक गोदावरी मार्वल उद्योग रहेको जग्गा प्राप्ति सम्बन्धमा</u>**

(क) वि.सं.२०२१/०१/३० मा तत्कालिन वन विभाग र खानी विभागको स्वीकृतिबाट यस गोदावरी नगरपालिका (साविक गोदावरी गा.वि.स.-८) मा अवस्थित गोदावरी-फूल्चोकी राष्ट्रिय वन (हाल गोदावरी फुल्चोकी संरक्षित क्षेत्र) को ११६ हेक्टर लिज अनुमति प्राप्त गरी सो मध्ये ६ हेक्टरमा गोदावरी मार्वल इन्डष्ट्रिज सञ्चालनमा रहेको, उक्त मार्वल इन्डष्ट्रिजले २०५८/०३/०७ सम्मको अनुमति प्राप्त गरेकोमा पुन २० वर्षको लिज अवधि थपको निवेदन गरी नेपाल सरकारको २०५३/०७/११ को विभागीय निर्णयले २०६८/०३/२६ सम्म १० वर्ष अवधि थप स्वीकृति प्राप्त गरेकोमा तत्कालीन भू-संरक्षण मन्त्रालयको मिति २०६५/०६/११ को निर्णयबाट उक्त गोदावरी मार्वल बन्द गर्न निर्देशन भई बन्द रहन गएको र सञ्चालकले उद्योग पुनः सञ्चालनको विभिन्न प्रयास गरेको, श्री सर्वोच्च अदालतको मिति २०७२/०१/०३ को उद्योग सञ्चालन नगर्न नगराउन आदेश समेत हुँदा हालसम्म उक्त उद्योग बन्द रहेको ।

(ख) गोदावरी फुल्चोकी संरक्षित क्षेत्रमा रहेको उक्त स्थानका खाली जग्गा जमिन अतिक्रमित हुँदै गएकोले तत्काल संरक्षण गर्नुपर्ने देखिएको । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उदफा (२) को (१) खण्ड (क) र (छ) अनुसार उक्त जग्गा संरक्षण गर्नुपर्ने दायित्व गोदावरी नगरपालिकामा समेत रहेको, सोही क्षेत्रमा राष्ट्रिय वनस्पति उद्यान रहेकोले वनस्पति विज्ञान अध्ययन अनुसन्धान समेतका लागि वार्षिक ठूलो संख्यामा पर्यटक (स्वदेशी/विदेशी) अध्ययन/अनुसन्धान/अवलोकन/भ्रमण गर्ने भए पनि पर्यटक बसाई अवधि

विस्तार गर्न नसक्दा महत्वपूर्ण पर्यटन क्षेत्रबाट लाभ लिन नसकिएको पृष्ठभूमिमा नेपाल एकीकरण देखि हालसम्मको स्वाधीन र संघर्षपूर्ण ईतिहास एवम् विविधतायुक्त सांस्कृतिक पूँजीको अभिलेख, संरक्षण र प्रसारण गर्न माथि उल्लेखित जग्गाको संरक्षण गर्दै **"ऐतिहासिक सांस्कृतिक राष्ट्रिय संग्रहालय"** निर्माण गरी राष्ट्रलाई चिनाउन राष्ट्रिय गौवरको आयोजनाको रुपमा अघि बढाउने महत्वपूर्ण कार्य थालनी गर्नुपर्ने देखिँदा प्रस्तुत विषयमा उपयोग विहीन र अतिक्रमणको जोखिममा रहेको गोदावरी मार्वल इन्डष्ट्रिज रहेको जग्गामध्ये करिब ३ हेक्टर यस नगरपालिकाले राष्ट्रिय संग्रहालय निर्माण गर्ने गरी प्राप्त गर्न तालुक निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५ कानुनी परामर्श सेवा खरिदको दररेट स्वीकृत गरी भुक्तानी व्यवस्थापन गर्ने सम्बन्धमा** : छलफल गर्दा नगरपालिका र अन्तर्गतका कार्यालय/पदाधिकारी विरुद्ध विभिन्न तहका न्यायिक निकायमा उजुरी/मुद्दा दायर हुँदा न्यायिक प्रतिरक्षा हुँदै आएको छ । स्थानीय तहले न्यायिक समिति मार्फत तोकिएका क्षेत्रमा मेलमिलापको माध्यमबाट तथा मुद्दाको फैसला समेतबाट न्याय सम्पादन गर्नुपर्दछ । उपरोक्त कार्यहरु कार्यालयको संस्थागत क्षमताबाट मात्र सम्भव नहुँदा सम्बन्धित विज्ञहरुबाट कानुनी परामर्श सेवा लिनु परेकाले तपशिलको दररेट स्वीकृत गरी आ.व.२०८०/८१ देखि कानुनी परामर्श सेवा वापतको भुक्तानी बन्दोबस्त गर्ने निर्णय गरियो

(क) न्यायिक समिति बैठकमा सहभागी भई राय दिने कार्य रु.१५००।- भत्ता र इन्धन वापत रु.२०००।- जम्मा एकमुष्ट रु.३२५०।-

(ख) न्यायिक समिति/कार्यालयलाई लिखित कानुनी परामर्श दिने रु.२५००।-

(ग) जिल्ला अदालत र उच्च अदालतमा प्रति वहस गर्ने कार्य रु.५०००।-

(घ) जिला अदालत र उच्च अदालतमा प्रति लिखित जवाफ पेश गर्ने कार्य रु.५०००।-

(ङ) विशेष अदालत र सर्वोच्च अदालतमा प्रति वहस गर्ने कार्य वा लिखित जवाफ पेश गर्ने कार्य रु.१००००।-

(च) अन्य कानुनी सेवा प्रति इकाई रु.२५००।-

निर्णय नं.६ प्रस्तावक मिलिजिली ग्रुप प्रा.लि.बाट पेश भएको प्रस्तावित खाने तेल प्रशोधन तथा उत्पादन गर्ने उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृति सम्बन्धमा : छलफल गर्दा प्रस्तावकबाट पेश भएको परिमार्जित IEE प्रतिवेदनलाई प्रचलित कानूनको विपरीत नहुने गरी साथै प्रतिवेदनमा पालना र कार्यान्वयन गर्ने भनी प्रतिबद्धता जनाइएका विषयहरुको पूर्णपालना हुने गरी गोदावरी नगरपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ६ को उदफा (२) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.७ वडाकप खेलकुद सञ्चालन सम्बन्धमा : यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वडाकप खेलकुद सञ्चालन २०८१ माघ ८ गते शनिबारबाट सञ्चालन गर्ने निर्णय गरियो ।

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

गजेन्द्र महर्जन
नगर प्रमुख

निर्णय नं.८ छम्पी-टिकाभैरव बाटोको मापदण्ड सम्बन्धमा : छलफल गर्दा यस नगरपालिकाको छम्पी-टिकाभैरव बाटोको मापदण्ड २२ मिटर कायम गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.९ वहाल कर सम्बन्धमा : नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आन्तरिक राजश्वलाई वृद्धि गर्न अधिकांश वहालमा सञ्चालनमा रहेका व्यवसाय तथा घर धनीहरु वहालकरको दायरामा समावेश नभएको सन्दर्भलाई मध्यनजर गर्दै वहालकरको दायरामा ल्याउन विशेष घरदैलो अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० विविध ।**

१०.१ यस नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत श्री लाल बहादुर थापाले मिति २०८१/०५/२३ देखि २०८१/०७/२९ गतेसम्म सार्वजनिक बिदा बाहेक जम्मा ४८ दिन घर बिदा माग गरेकोले निजको घरबिदा स्वीकृत गर्ने निर्णय गरियो ।

१०.२ नगरबाल अधिकार समितिले समस्याग्रस्त भनी सिफारीस गरेका यस नगरपालिका भित्रका समस्याग्रस्त बालगृह र सुधारगृहको अध्ययन गरी १५ दिन भित्र लिखित प्रतिवेदन बुझाउन देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

(क) नगर उपप्रमुख मुना अधिकारी — संयोजक
(ख) सामाजिक विकास समिति संयोजक — सदस्य
(ग) सम्बन्धित वडाका वडाअध्यक्ष — सदस्य
(घ) संयोजकले तोकेको विषय विज्ञ ३ जना — सदस्य
(च) महिला बालबालिका शाखा प्रमुख/बालकल्याण अधिकारी — सदस्य-सचिव

१०.४ मिति २०८१/०६/०१ को नगरबालअधिकार समितिको निर्णय नं.२ बमोजिमका कागजात सहित गोदावरी नगरपालिका न्यायिक समितिमा सम्बद्ध पक्षहरुलाई स्वयम् उपस्थित गराई प्रचलित कानुन बमोजिम कारवाही हुन सिफारिस गर्ने निर्णय गरियो ।

१०.५ यस नगरपालिका अन्तर्गत चापागाउँ स्वास्थ्य चौकी गोदावरी नगरपालिका वडा नं.१० मा मिति २०८१/०६/०२ गते भएको चोरी र झरुवारासी स्वास्थ्य चौकी वडा नं.१३ मा मिति २०८१/०६/०४ गते भएको कार्यालय चोरीकोघटनालाई गोदावरी नगर कार्यपालिकाको कार्यपालिका बैठकले गम्भीर ध्यानाकर्षण गर्ने र तपशिल बमोजिम निर्णय गरियो ।

(क) कार्यालयको सुरक्षा व्यवस्थापनमा सचेत हुन कार्यालय प्रमुखको ध्यानाकर्षण गराउने
(ख) घटनाको अनुसन्धान र कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने
(ग) यस नगरपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयको सुरक्षा तथा पालेपहरा व्यवस्थापन यथाशीघ्र बन्दोवस्त गर्ने
(घ) क्षति हानी नोक्सानी भएका अत्यावश्यक कार्यालय सामान व्यवस्थापन गर्न कार्यपालिका कार्यालयलाई जिम्मा दिने ।

१०.६ गोदावरी नगरपालिका भित्रका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि गोदावरी नगरपालिका र छोराछोरी नेपालबीच समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो ।

१०.७ चालु आर्थिक वर्ष २०८१/०८२ को लागि जिल्ला दररेट निर्धारण समिति, ललतिपुरले जारी गरेको ज्यालादर तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट नै यस नगरपालिकाको दररेट कायम गरी सो को आधारमा तयार गरिएको भवन तथा सडक निर्माण सम्बन्धी दर विश्लेषण यस नगरपालिकाको प्रयोजनको लागि स्वीकृत गर्ने निर्णय गरियो ।

१०.८ यस नगरपालिकामा आह्वान हुने निर्माण सम्बन्धी ठेक्का बन्दोबस्त गर्दा विनियोजित बजेटले कार्यसम्पन्न गर्न अपुग हुने अथवा थप काम गर्न सम्भव र उपर्युक्त दुवै हुने अवस्था देखिएमा सम्भावित थप व्ययभारको स्रोत सुनिश्चितता गरी सडक निर्माणको हकमा कार्य प्रकृतिको आधारमा अधिकतम ४० प्रतिशत र भवन तथा अन्य पूर्वाधारको हकमा अधिकतम २० प्रतिशत स्वीकृत बजेट सीमाबाट थप कार्यको लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

१०.९ **रकम माग गर्ने सम्बन्धमा** : छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा देहाय बमोजिम योजनाहरु निर्माण गर्नका लागि लाग्ने लागत अनुमान रकमको ४० प्रतिशत रकम नगरपालिकाको स्रोतबाट उपलब्ध गराउने र बाँकी ६० प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालय ललितपुरसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिमा रकम माग गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | नगरपालिकाको रकम | जिल्ला समन्वयनमा माग गर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | नगर अस्पतालको भवन निर्माण | २,००,००,०००।- | ३,००,००,०००।- | ५,००,००,०००।- |
| २ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ६ को भवन निर्माण | ४०,००,०००।- | ६०,००,०००।- | १,००,००,०००।- |
| ३ | श्री सरस्वती आधारभूत विद्यालय भवन निर्माण वडा नं.६ | ४०,००,०००।- | ६०,००,०००।- | १,००,००,०००।- |

१०.१० **पि.आई.ए पार्क हेरालुको रकम भुक्तानी सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ मा रहेको पि.आई.ए.पार्क तथा देशीको मुहान पार्कको संरक्षण तथा व्यवस्थापनका लागि खटाइएका पार्क हेरालु वडा नं.६ स्थायी ठेगाना भएका श्री कृष्ण कुमार थापालाई मासिक रु.१८,०००।- (अठार हजार) उपलब्ध गराई कामकाजमा लगाउने निर्णय गरियो

१०.११ नगरपालिका भित्रका सि.सि.क्यामेरा तथा सडक बत्ती बिग्रेकोले तत्काल जिन्सी शाखा मार्फत मर्मत गराई सञ्चालनमा ल्याउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख